

# प्रदेश-३



पोल्ट्री सम्मेलनमा नेपाल, भारत, जापान, अस्ट्रेलिया, जर्मनी, बंगलादेश, अमेरिका, भुटान र इजिप्टलगायत देशका वैज्ञानिक सहभागी बन्नेछन्।

# अरनिको राजमार्गमा दुई नियम

## बनेपामा २५ गज, अन्त २५ मिटर

**मोतीराम तिमल्सिना, काभ्रे**

राजमार्गको सीमानाभित्र निर्माण भएका घर तथा टहरा भत्काउन शुरू भएपछि स्थानीयले सहयोग गरेका छन्। बनेपाको चोकमा निर्माण भएको २०२२ सालअघिको घर पनि भत्काइएको छ।

घरधनीले घरभित्र रहेका सबै सामान हटाएर सहयोग गरेसँगै सडक विभाग र बनेपा नगरपालिकाको टोलीले सडक सीमाभित्रको घर भत्काएको हो। नगरपालिकाको सीमाना साँगाबाट शुरू भएको अभियान धुलिखेलको सीमाना खावासम्म पुग्नेछ। साँगामा घर टहरा भत्काउन शुरू गरेपछि स्थानीयहरू आफैंले घर खाली गराएका थिए।

स्थानीयले घर खाली गराएपछि सडक विभागको टोलीलाई सहज भएको थियो। पहिलो दिन केही असहज भए पनि स्थानीयले आफ्नो घर टहरा आफैं खाली गरिदिने भन्दै सहजता बनाइदिएका थिए। मुख्य प्रवेशद्वार साँगामा वर्षौंदेखि घर टहराका कारण सवारी आवागमनमा बाधा मात्रै पुगेको थिएन, दुर्घटनाका कारण मानिसले अकालमा ज्यान गुमाउन पुगेका थिए। पटक-पटकको अनुरोध तथा सूचना प्रकाशन गर्दासमेत अटेर गरेर बसेका घर टहरामाथि प्रहरीले डोजर चलाउन थालेपछि केही समय स्थानीय र प्रहरीबीच भनाभन भए पनि स्थानीयले दुई घण्टाको समय मागेर आफैं घर खाली गरेका थिए। साँगामा डोजर चलेपछि धुलिखेलसम्मका घरधनीले आफैं घर खाली गरेका थिए।

**राजमार्गमा २५ मिटर अर्थात् ८२ फुट कायम हुने तर बनेपाका केही क्षेत्रमा भने सर्वोच्च अदालतको फैसलाका आधारमा तत्काललाई ७५ फुट मात्रै कायम गर्ने गरी अतिक्रमण गरिएका संरचना हटाउने तयारी गरिएको छ। सरकारले राजमार्ग ८२ फुटकै निर्माण गर्नुपर्ने तर त्यसका लागि २५ गज अर्थात् ७५ फुटको मुआब्जा दिन नपर्ने र बाँकी ७ फुटको मुआब्जा दिई सडक फराकिलो बनाउन सक्ने सर्वोच्चको आदेश छ।**

बनेपा नगरपालिका वडा नम्बर १३ मा २८ वटा, वडा नम्बर १४ मा ५१ वटा र वडा नम्बर १० मा ४४ वटा घर टहरा भत्काउने लगत कसिएको थियो। त्यस्तै धुलिखेल नगरपालिकाका वडा नम्बर ३, ४, ६ र ७ मा ३१ वटा गरी अरनिको राजमार्गको साँगादेखि धुलिखेलसम्म १ सय ५६ वटा घर टहरा भत्काउने निर्णय भएको थियो। पटक-पटक भएको छलफल, सार्वजनिक सूचना, लगत संकलन र रेखांकन तथा सीमांकनको काम सम्पन्न भएपछि अतिक्रमण गरिएका क्षेत्रहरूमा आफै संरचना खाली गर्न सडक विभाग र नगरपालिकाले अनुरोध गरेका छन्।

निर्माण भएका संरचना खाली नगरेमा त्यसको क्षतिपूर्तिसमेत असुल उपर गरी संरचना भत्काउने गरी सूचना प्रकाशन गरिएको सडक विभागका डीई गुरुप्रसाद अधिकारीले बताए। स्थानीय क्षेत्रमा वडाध्यक्षहरू गौरी राउत, सूर्यनारायण नापित, चन्द्रबहादुर खड्का, वर्ण शाक्य, दानकाजी मानन्धरलगायतले दशैं र तिहारपछि मात्रै संरचना हटाउन सडक विभागसँग अनुरोध गरेका थिए। स्थानीयले पनि दशैं र तिहारअघि संरचना नभत्काउन अनुरोध गरेका थिए। सडक विभागले धेरैपटकको सूचनालाई अटेर गरेकाले डोजर चलाउनुपरेको बताएको छ।

राजमार्गमा २५ मिटर अर्थात ८२ फुट कायम हुने तर बनेपाका केही क्षेत्रमा भने सर्वोच्च अदालतको फैसलाका आधारमा तत्काललाई ७५ फुट मात्रै कायम गर्ने गरी अतिक्रमण गरिएका संरचना हटाउने तयारी गरिएको छ। सरकारले राजमार्ग ८२ फुटकै निर्माण गर्नुपर्ने तर त्यसका लागि २५ गज अर्थात् ७५ फुटको मुआब्जा दिन नपर्ने र बाँकी ७ फुटको मुआब्जा दिई सडक फराकिलो बनाउन सक्ने सर्वोच्चको आदेश छ। बनेपाको चण्डेश्वरी खोला उता धुलिखेलसम्मको हकमा २५ मिटर नै कायम भएको छ। राजमार्गको सीमानामा पर्ने प्रहरी चौकी साँगा, रेञ्जपोस्ट कार्यालय जनागाल, इलाका प्रहरी कार्यालयलगायतका सरकारी संरचना भत्किएका छन्।

# रामपुरमा अन्तर्राष्ट्रिय पोल्ट्री सिम्पोजियम




**नेपाल समाचारपत्र**

चितवन

कात्तिक ११ गतेदेखि १३ गतेसम्म चितवनको कृषि तथा वनविज्ञान विश्वविद्यालयमा हुने अन्तर्राष्ट्रिय पोल्ट्री विज्ञ सम्मेलनको तयारी तीव्र बनाइएको छ।

विश्वविद्यालयले बिहीबार भरतपुरमा पत्रकार सम्मेलन गरी प्रस्तुत गरिने सबै कार्यपत्र आइसकेको र तयारी अन्तिमचरणमा पुगेको जानकारी दिएको छ। सम्मेलनमा १० देशका तीन सयभन्दा बढी वैज्ञानिक सहभागी हुने जनाएको छ। सम्मेलनमा कुखुरा उत्पादनसम्बन्धी नीतिगत र सामाजिक आर्थिक अवस्था, कुखुराको पोषण, स्वास्थ्य व्यवस्थापन, अनुवांशिकी, प्रजनन व्यवस्थापन, जैविक प्रविधि, एकीकृत तथा ग्रामीण कुखुरापालनजस्ता विधामा ११२ वैज्ञानिक र अनुसन्धानमूलक कार्यपत्र पेश हुनेछन्। तीमध्ये १७ वटा विशेष आमन्त्रित, ३३ वटा मौखिक र ६२ वटा पोस्टर प्रस्तुत हुने सम्मेलन आयोजक समितिको अध्यक्ष प्राडा शारदा थपलियाले जानकारी दिइन्। सम्मेलनमा उत्कृष्ट हुने पोस्टरलाई पुरस्कृत गर्ने पनि कार्यक्रम छ।

पोल्ट्री सम्मेलनमा नेपाल, भारत, जापान, अस्ट्रेलिया, जर्मनी, बंगलादेश, अमेरिका, भुटान र इजिप्टलगायत देशका वैज्ञानिक सहभागी बन्नेछन्। सम्मेलनमा नेपालका पोल्ट्री उद्योगहरू, व्यावसायिक किसानसहित यो क्षेत्रसँग सम्बन्धित विभिन्न संघ-संस्थाको सहभागिता रहनेछ। 'खाद्य स्वच्छता र सुरक्षाका लागि पोल्ट्रीको माग परिपूर्ति' भन्ने मूल नाराका साथ सम्पन्न हुने सो सम्मेलनमा सम्मेलनमा भाग लिन भारतीय पोल्ट्री साइन्स एसोसिएसनका उपाध्यक्ष प्राडा देवेन सापकोटा, जापनिज पोल्ट्री साइन्स एसोसिएसनका उपाध्यक्ष डा. नाओकी गोतो, पोल्ट्री अनुसन्धान फाउन्डेसन, अस्ट्रेलियाका निर्देशक पिटर ग्रुभ्स, भारतीय कृषि अनुसन्धान परिषद्/केन्द्रीय कुखुरा अनुसन्धान संस्थानका निर्देशक एससी गिरीलगायत विदेशी वैज्ञानिकको सहभागिता रहनेछ।

सरकारी र निजी क्षेत्रका लागि महत्त्वपूर्ण ज्ञान लिनका लागि सम्मेलन फलदायी सावित हुने विश्वविद्यालयका उपकुलपति प्राडा इश्वरीप्रसाद ढकालले विश्वास व्यक्त गरे। नेपालको कुल ग्रार्हस्थ उत्पादनको करिब ४ प्रतिशत र कुल कृषि ग्रार्हस्थ उत्पादनको करिब ८ प्रतिशत हिस्सा पोल्ट्री क्षेत्रले ओगटेको छ। नेपालमा आत्मनिर्भर उन्मुख क्षेत्रका रुपमा पोल्ट्रीलाई लिने गरिएको छ। ग्रामीण कुखुरापालनबाट हुने आर्थिक योगदानलाई छोडेर हेर्ने हो भने नेपालको व्यावसायिक कुखुरापालनबाट राज्यले वार्षिक ३३ अर्ब ७२ करोड आर्थिक उपार्जन गरिरहेको विज्ञ डा. निराजन भट्टराईले जानकारी दिए। पोल्ट्री क्षेत्रमा करिब १ लाख ५० हजार प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी पाएका छन्। पशु सेवा विभागको सन् २०१७ को तथ्यांकअनुसार नेपालमा करिब ७ करोड कुखुरा रहेको पाइन्छ।

देशको कुल मासु उत्पादनको करिब १७.२ प्रतिशत हिस्सा पोल्ट्री क्षेत्रले ओगटेको छ। देशको मागअनुसार मासु र अण्डा उत्पादन-लागतलाई कम्तिमा २ ठूला छिमेकी देश चीन र भारतको दाँजोमा कम र प्रतिस्पर्धी बनाउनुपर्ने चुनौती रहेको कृषि तथा वनविज्ञान विश्वविद्यालय, पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकायकी डीनसमेत रहेकी प्राडा शारदा थपलियाले जानकारी दिइन्।

विश्वविद्यालयका रजिस्ट्रार मनराज कोलाक्षपतिले नेपालका स्थानीय जातका कुखुराको संरक्षण गर्दै स्थानीय उत्पादन वृद्धिमा भइरहेका अनुसन्धानका बारेमा जानकारी गराएका थिए। पोल्ट्री विज्ञ डा. तिलचन्द्र भट्टराईले नेपालको पोल्ट्री क्षेत्रमा बढ्दै गइरहेको विदेशी लगानीले यहाँका व्यवसायीहरू धरासयी बन्ने अवस्था आउन नहुने बताए।

# प्रहरी सक्रियतामा अभियुक्त तत्कालै पक्राउ

**चिरञ्जीवी मास्के, दोलखा**

अपराध नियन्त्रणमा दोलखा प्रहरीले देखाएको सक्रियता र सजगताका कारण करिब ५ महिनाको अवधिमा विभिन्न घटनाका ६६ जना आरोपी पक्राउ परेका छन्।

गत २०७५ जेठ २५ गतेदेखि असोज १८ गतेसम्म दर्ता भएका विभिन्न आपराधिक घटनाका ४७ वटा मुद्दाका ७८ जना अभियुक्त (आरोपी) रहेकामा ६६ जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक बासुदेव पाठकले बताए।

जिल्ला प्रहरी कार्यालय दोलखामा करिब पाँच महिनाको अवधिमा कर्तव्य ज्यान ४, ज्यान मार्ने उद्योग २, सवारी ज्यान ३, जबरजस्ती करणी ८, जबरजस्ती करणी उद्योग ५, चोरी २, केही सार्वजनिक अपराध १३, बहुविवाह ४, बैंकिङ कसुर १, सार्वजनिक कसुर २, नागरिकता कसुर १ र बालविवाह २ गरी ४७ वटा आपराधिक घटना दर्ता भएको र त्यसका ६६ जना आरोपी पक्राउ परेको प्रहरी नायब उपरीक्षक पाठकले बताए।

सक्रियता, सामूहिक प्रयास, अनुसन्धानमा दक्षता र जिम्मेवारीको भावनाले काम गर्ने दोलखा प्रहरीको विशेषताले आपराधिक घटनामा संलग्न अधिकांश अभियुक्त पक्राउ पर्न सकेको प्रहरी नायब उपरीक्षक पाठकले बताए। पछिल्लो अवधिमा घटनामा संलग्न अभियुक्त तत्कालै पक्राउ पर्न सकेको र यसमा जिल्लामा कार्यरत प्रहरी जवानदेखि प्रहरी अधिकृत सबैको भूमिका प्रशंसनीय रहेको प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक पाठक बताउँछन्।

जिल्ला प्रहरी कार्यालय दोलखामा दर्ता भएका आपराधिक घटनामा सबैभन्दा बढी केही सार्वजनिक अपराधका १३ वटा र जबर जस्ती करणीका ८ वटा रहेको प्रहरीले जनाएको छ। केही सार्वजनिक अपराधमा २३ जना अभियुक्त रहेकामा १७ जना पक्राउ परेको र ६ जना फरार रहेको तथा जबरजस्ती करणीमा ८ जना अभियुक्त रहेकामा ७ जना पक्राउ परेको र १ जना फरार रहेको प्रहरी नायब उपरीक्षक पाठकले बताए। त्यसबाहेक जबरजस्ती करणी उद्योगका १, बहुविवाहका २ र सार्वजनिक कसुरका २ गरी १२ जना अभियुक्त पक्राउ गर्न बाँकी रहेको प्रहरी नायब उपरीक्षक पाठकले बताए।

# सामुदायिक मेलमिलाप केन्द्र सूर्यगढी गाउँपालिकामा

**नेपाल समाचारपत्र**

नुवाकोट

समाज हुने गरेको सामान्य फौजदारीबाहेक देवानी प्रकृतिका विवादलाई स्थानीयस्तरमा नै मेलमिलाप गराउने उद्देश्यले सूर्यगढी गाउँपालिका वडा नम्बर ३ मा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गरिएको छ।

केन्द्रको उद्घाटन गर्दै सूर्यगढी गाउँपालिका वडा नं ३ का वडाअध्यक्ष ऋषिबहादुर पौडेलले स्थानीयस्तरमा हुने गरेको सामान्य विवादको दुवै पक्षलाई जितको आभास हुने गरी केन्द्रबाट तालिमप्राप्त मेलमिलापकर्ताले प्रभावकारी काम गर्न आग्रह गरे। वडाध्यक्ष पौडेलले दशैं नजिकिएसँगै समाजमा जुवातास खेल्ने, मद्यपान सेवन गरी घरायसी विवाद मच्चाउनेलगायतका घटना घट्ने भएकाले मेलमिलापकर्ता विवादलाई जरैदेखि उखेल्नका निम्ति सदैव तत्पर भएर लाग्नुपर्ने बताए।

प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नुवाकोटको आयोजना, दि एसिया फाउन्डेसनको सहयोग र सूर्यगढी गाउँपालिका वडा नम्बर ३ को समन्वयमा भएको मेलमिलाप केन्द्रको उद्घाटन कार्यक्रममा सामुदायिक मेलमिलाप केन्द्रका जिल्ला संयोजक सिताराम पौडेलले स्थानीयस्तरमा भएको तालिमप्राप्त मेलमिलापकर्ताको माध्यमबाट विवादित दुवै पक्षको जितमा आधारित रहेर विवाद समाधान गर्ने गरेको बताए। उनले देश संघीय संरचनामा गएसँगै नुवाकोटमा रहेका ८८ वटा वडामध्ये अब १९ वटा वडामा मात्र सामुदायिक मेलमिलाप गठन गर्न बाँकी रहेको जानकारी गराए। नुवाकोटसहित अन्य ६ जिल्लामा सञ्चालनमा रहेको सामुदायिक मेलममिलाप केन्द्रले देवानी प्रकृतिका विवादलाई स्थानीयस्तरमै समाधान गर्दा न्याय पाउने झन्झटिलो प्रक्रियाको अन्त्य भएको छ। मेलमिलाप केन्द्रले विवाद समाधानको क्षेत्रमा नुवाकोटमा गर्दै आएको काम प्रभावकारी बन्दै गएको सरोकारवालाले बताएका छन्।

# ६ सरकारी कार्यालय कालोसूचीमा

रसुवा, (नेस)

विद्युत् महसुल नतिर्ने ६ सरकारी कार्यलयसहित रसुवामा ४२ ग्राहक कालोसूचीमा परेका छन्।

नेपाल विद्युत् प्राधिकरणका अनुसार कालोसूचीमा पर्नेमा ६ वटा सरकारी कार्यालयसहित ४ वटा निजी फर्म र ३२ जना व्यक्ति रहेको बताइएको छ। देश संघीयतामा जानुपूर्व साविकका गाविसले महसुल नतिरेको केन्द्र प्रमुख कृष्णहरि दाहालले बताए। तत्कालीन समयमा विद्युत् महसुल नतिरेका गाविस कालोसूचीमा रहेको उनले बताए। उनले बाँकी महसुल स्थानीय तहले चुक्ता गर्नुपर्ने बताए। कालोसूचीमा पर्नेमा २ सय ६५ रुपियाँदेखि ६८ हजार ९ सय ३२ रुपियाँ नतिर्नेसम्म रहेका छन्। तिनुपर्ने रकम ४२ ग्राहकबाट २ लाख २० हजार १ सय ५७ रुपियाँ रहेको नेपाल विद्युत् प्राधिकरण रसुवाले बताएको छ। रसुवामा गतवर्ष विद्युत् महसुल नतिर्ने २ सय ३४ ग्राहकको लाइन काटिएको थियो।

यो आर्थिक वर्षमा २७ ग्राहकको लाइन काटिएको केन्द्रले जनाएको छ। गतवर्ष ९१ लाख २३ हजार रुपियाँ उठाउन बाँकी रहेको प्राधिकरणले जनाएको छ। प्राधिकरण रसुवा शाखाले दिएको जानकारीअनुसार आर्थिक वर्ष २०७४/७५ को पहिलो दुई महिनामा १६ लाख ३२ हजार बक्यौता उठेको छ। प्राधिकरणले अब ७४ लाख ८१ हजार उठाउन बाँकी रहेको छ।

गतवर्ष २ सय २० वटा लाइन जोडिएको केन्द्रले जनाएको छ। रसुवामा मासिक ९.०५ प्रतिशत विद्युत् चुहावट भइरहेको प्राधिकरणले बताएको छ तर यसलाई नियन्त्रण गर्न भने सकिएको छैन। प्राधिकरणले दुई महिनासम्म विद्युत् महसुल नतिर्ने ग्राहकको अस्थायीरूपमा लाइन काटिदिने गरेको छ। लाइन काटिएको ६ महिनासम्म पनि महसुल नबुझाएमा ग्राहकलाई कालोसूचीमा राख्ने गरिएको केन्द्र प्रमुख दाहालले बताए।

# 'सेतो सुन' को व्यवस्थापनमा प्रदेश सरकार

**रोशन पराजुली, हेटौंडा**

मकवानपुरमा ढुंगा, गिट्टी, बालुवा बिक्री तथा निकासी करको ठेक्का १७ करोड ९२ लाख रुपियाँमा लगाइयो। उक्त रकम जिल्ला समन्वय समिति (जिसस) ले आह्वान गरेभन्दा करिब ३ गुना बढी थियो। जिससले ७ करोड २२ लाख रुपियाँमा आह्वान गरेको बोलपत्रमा १७ करोड ९२ लाख रुपियाँको ठेक्का लागेको हो।

यसरी हेर्दा प्रदेशका १३ जिल्लामा वार्षिक कति रुपियाँबराबरको ठेक्का लाग्ला, सहज अनुमान लगाउन सकिन्छ। एक कम्पनीले एक आर्थिक वर्षका लागि ढुंगा, गिट्टी, बालुवा बिक्री तथा निकासी करबापत जिल्ला समन्वय समितिलाई १७ करोड ९२ लाख रुपियाँ बुझाउने बोलकबोल गरेको थियो। आव २०७४/७५ का लागि जिल्ला समन्वय समिति मकवानपुरले ढुंगा, गिट्टी, बालुवा बिक्री तथा निकासीका लागि बोलपत्र आह्वान गरेको थियो। जिससको आन्तरिक आयको मेरुदण्ड नै गिट्टी/बालुवा थियो।

मकवानपुरका सामरी, मनहरी, लोथर, राप्ती, बकैया खोलाका ढुंगा, गिट्टी, बालुवा बिक्री तथा निकासीबापत समितिले कर लिँदै आएको थियो। स्थानीय १८ क्रसर, रोडा, ढुंगा, बालुवासँग सम्बन्धित उद्योगले आव २०७०/७१ मा २ करोड ५५ लाख रुपियाँको निर्यात व्यापार गरेका थिए।

भारतीय बजारमा निर्यात हुन थालेपछि मकवानपुरमा क्रसरजन्य उद्योग स्थापना हुने क्रम बढेको थियो। त्यसपछि मकवानपुरबाट उद्योग वाणिज्य संघबाट उत्पत्तिको प्रमाणपत्र जारी गरी वैधानिकरुपमा ढुंगा, गिट्टी, बालुवा भारतीय बजारमा निकासी भएको छैन।

सरकारले चुरे क्षेत्रमा रहेका सम्पूर्ण क्रसरजन्य पदार्थ उत्पादन गर्ने उद्योग र बाह्य निकासीमा प्रतिबन्ध लगाएको छ। सरकारले तोकेको चुरे क्षेत्रबाट गिट्टी/बालुवा उत्खनन गर्न रोक लगाएको छ। २०७२ वैशाखको भूकम्पपछि घर निर्माण कार्य तीव्ररुपमा वृद्धि भएकाले ढुंगा, गिट्टी, बालुवाको माग अधिक रहेको व्यवसायीले बताएका छन्।

तर सोही विषयमा केन्द्रित रहेर प्रदेश-३ का मुख्यमन्त्री डोरमणि पौडेलले प्रदेश सरकारको अधिकारमा संघीय सरकारले अतिक्रमण गरेको आरोप लगाउनुभएको छ। नदीजन्य पदार्थ (ढुंगा, गिट्टी र बालुवा) संकलन तथा व्यवस्थापनसम्बन्धी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आयोजनामा भएको अन्तर्क्रियालाई मंगलबार हेटौंडामा सम्बोधन गर्दै उहाँले प्रदेशका अधिकार संघीय सरकारद्वारा अतिक्रमित गरिएको आरोप लगाउनुभएको हो।

हाल संक्रमणकालको अवस्था रहेको बताउँदै उहाँले भन्नुभयो- 'क्रसर उद्योग र नदीजन्य पदार्थको क्षेत्रमा प्रदेश सरकारले मापदण्ड बनाउँदै छ। तर यहीबेला घरेलु कार्यालयमार्फत् संघीय सरकारले जिल्लास्तरमा रहेका क्रसर उद्योग बन्द गरिदिएको छ।'

स्थानीय तहका जनप्रतिनिधिले सुझाव राख्दा 'ठेकेदारको भाषा बोलेको' भन्दै उहाँले स्थानीय तह पनि सरकार भएकाले सरकारको कुरा गर्न चेतावनी दिनुभयो। नदीजन्य पदार्थ व्यवस्थापनका सन्दर्भमा सुझाव दिन प्रदेशका ३२ स्थानीय तहका प्रमुख तथा प्रशासकीय अधिकृतले क्रसर उद्योगलाई प्रश्रय दिने गरी आफ्ना कुरा राखेपछि मुख्यमन्त्री पौडेलले यस्तो बताउनुभएको हो।

प्रदेश सरकारले बनाएको कानुन र कार्यविधि नमान्ने भनेर केही स्थानीय तहले भनेकामा आक्रोश व्यक्त गर्दै मुख्यमन्त्री पौडेलले भन्नुभयो- 'जसले प्रदेशको कानुन मान्दैन उनीहरूका लागि प्रदेश सरकारले दिने अनुदान रोक्छ। प्रदेश सरकारले संविधानले दिएको भूमिकाअनुसार कानुन निर्माण गरेको हो। प्रदेशभर कानुन कार्यान्वयन हुनुपर्छ।'

नदीजन्य पदार्थमा वर्षौंदेखि देखिएका समस्याको दिगो समाधान गर्न प्रदेश सरकार लागिपरेको उहाँको भनाइ छ।

कार्यक्रममा प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री अरुण नेपालले नदीजन्य वस्तु व्यवस्थित गर्नैपर्ने बताउनुभयो। नदीजन्य पदार्थ ओसारपसार र उत्खननमा अराजकता बढेकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जमकट्टेल, आर्थिक मामिला तथा योजनामन्त्री कैलाश ढुंगेल, सामाजिक विकासमन्त्री युवराज दुलाल, प्रमुख सचिव आनन्दराज ढकाल, जिल्ला समन्वय समिति प्रमुख, विभिन्न स्थानीय तहका प्रमुख तथा प्रशासकीय अधिकृत र नेपाल पत्रकार महासंघ मकवानपुर अध्यक्ष हरि हुमागाईंलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो।

आर्थिक वर्ष २०६४/६५ अघि भारतमा ढुंगा/गिट्टीको जति माग थियो, त्यो भारतीय स्रोतबाटै परिपूर्ति हुन्थ्यो। त्यसबेला उत्तर प्रदेश र बिहारमा हालजस्तो व्यापक विकास निर्माणका काम भएका थिएनन्।

ती दुई राज्यमा निर्माणका लागि चाहिने ढुंगा/गिट्टी झारखण्ड र उत्तराखण्डबाट आपूर्ति हुन्थ्यो। भारत सरकारले ती राज्यमा सडक निर्माण तथा अन्य विकास कार्यलाई तीव्रता दिएपछि भने भारतीय स्रोतबाट आउने ढुंगा/गिट्टी पर्याप्त भएन र नेपालबाट गिट्टी त्यसतर्फ निकासी हुन थालेको अवस्थामा सरकारले प्रतिबन्धित गरेको थियो। यसको असर नेपालको निर्यात व्यापारमा परिरहेको छ। ढुंगा/गिट्टीलाई नेपालको 'सेतो सुन' भनेर चिनिन्छ।

सरकारले २०७१ साउनदेखि यस क्षेत्रका सबै क्रसर उद्योग बन्द गरेको हो। निर्यात व्यापारमा उल्लेख्य सहयोग गर्दै आएका क्रसर उद्योग बन्द गरिँदा राज्यले वार्षिक अर्बौं रुपियाँ राजस्व गुमाएको छ। नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघले चुरे क्षेत्रको सीमांकन गलतढंगले गरिएका कारण उद्योग बन्द गर्न बाध्य हुनुपरेको बताएको छ।

सरकारले नागरिक र उनीहरूका सन्तान, दरसन्तानको भविष्य सुखमय र सुनिश्चित बनाउन चुरे संरक्षण विशेष अभियान थालेको हो। चुरेमा वन, सिँचाइ प्रणाली, सिँचाइ उपभोक्ता, खानेपानी र जमिनको उत्पादकत्व घट्दै जाँदा किसानको जनजीवनमा नै नकारात्मक असर पर्न थालेपछि सरकारले अभियान थालेको हो।

विकासलाई चुरेमैत्री बनाएर बाढी/पहिरोको त्रासदीमा बाँचिरहेका नेपालीलाई सन्तोषको सास फेर्ने वातावरण बनाउन अपरिहार्य रहेको सरकारी दाबी छ।